आज मिति २०८२।०२।०४ गते दिउँसो ३:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | विमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री बासुदेव भट्टराई | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

बैठक नं. १५/२०८१।०८२

**मिति :२०८२।०२।०४ गते दिनको ३:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णयः** मिति २०८२।०१।१५ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८२।०२।०४ गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ५५.६५ प्रतिशत तथा पूँजीगत खर्च तर्फ २७.६२ प्रतिशत रकम खर्च भएको साथै २०८२।०२।०४ गते सम्म आन्तरिक राजश्व तर्फ २ करोड २९ लाख ४५ हजार ७ सय २० रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **सम्पन्न योजनाहरूको फर-फारक सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको आ.व.२०८१।०८२ मा सञ्चालित योजना तथा कार्यक्रम मध्ये मिति २०८२।०१।१६ देखि २०८२।०२।०४ गते सम्म योजना शाखाबाट प्राप्त विवरण अनुसार ४३ वटा योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको र १३ वटा योजनाहरूको अनुगमन भएको व्यहोरा जानकारी प्राप्त भयो।

४. **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका आ.व. २०८२।०८३ को लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८२।०२।०२ गते भएको तपसिल बमोजिमको संघ र प्रदेशबाट प्राप्त बजेट अनुमानलाई अनुमोदन गर्ने निर्णय गरियो।

**आ.व. २०८२।८३ को बजेट कार्यक्रम**

**क) निशर्त तर्फः नेपाल सरकार**

| क्र.सं. | शिर्षक | आ.व. २०८२।०८३ को अनुमान |
|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | १७५९००००० |
| २ | राजस्व बाडफाड | १६२०००००० |
| | जम्मा | ३३७९००००० |
| **ख)** | **लुम्बिनी प्रदेश :** | |
| १ | वित्तीय समानीकरण अनुदान | १२०१२०००. |
| २ | राजस्व बाडफाड | १८१६५००० |
| | जम्मा | ३०१७७००० |
| **ग)** | **प्रस्तावित न.पा.को आन्तरिक आय** | |
| १ | न.पा.को आन्तरिक आम्दानी | ५५०००००० |
| २ | गत वर्षको अल्या. | ३५०००००० |
| | **जम्मा** | ९००००००० |
| | क+ख+ग जम्मा | ४५८०७७००० |

**सशर्त तर्फः**

| | | |
|---|---|---|
| क) | नेपाल सरकार : | |
| १ | सशर्त | |
| २ | समपुरक | |
| | जम्मा | |
| ख) | लुम्बिनी प्रदेश : | |
| १ | सर्शत | |
| २ | विशेष अनुदान | |
| ३ | समपुरक | |
| | जम्मा | |
| ग) | सामाजिक सुरक्षा भत्ता | |
| | क+ख+ग जम्मा | |

बासुदेव ... प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

५. **राजश्व परामर्श समितिको निर्णय सम्बन्धमा।**

निर्णय : क) आन्तरिक आय अन्तर्गत तपसिलको हाटबजार तथा कवाडी ठेक्का व्यवस्थापनको लागि भएको सम्झौता अवधि आ.व. २०८१/०८२ आषाढ मसान्तमा समाप्त हुने भएकोले यसअघि ठेक्का सदर भएको चालु आर्थिक वर्ष २०८१।०८२ को न्यूनतम अंकमा हाट बजारको हकमा ५ प्रतिशत र जडीबुटी, कवाडी तथा जीवजन्तु निकासीको हकमा १०% वृद्धि गरी आगामी आ.व. २०८२/०८३ को ठेक्का व्यवस्थापनको लागि राजश्व परामर्श समितिबाट प्रस्ताव सहित सिफारिस गरिएको न्यूनतम अंकलाई स्वीकृत गरी सूचना प्रकाशनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

तपसिल :

| क्र.स. | शिर्षक | सदर भएको अंक (आ.व. २०८१/०८२ लागि) | आ.व. २०८२/०८३ का लागि प्रस्ताव गरिएको अंक |
|---|---|---|---|
| १ | कृषि साप्ताहिक हाटबजार, ईमिलिया, वडा नं. ९ | रु.७,५७,५००। | रु.७,९५,३७५। |
| २ | कृषि साप्ताहिक हाटबजार, गोरुसिंगे, वडा नं. २ | रु.४,४०,५००। | रु.४,६२,५२५। |
| ३ | कृषि साप्ताहिक हाटबजार, बुड्ढी, वडा नं. ४ | रु.१,९६,६५०। | रु.२,०६,४८३। |
| ४ | जडीबुटी, कवाडी तथा जीवजन्तु निकासी (नगर क्षेत्रभित्र) | रु.३,२७,८९३। | रु.३,६०,६८३। |

ख) नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा।

बुद्धभूमि नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका नदिहरुबाट नदिजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन गर्न आवश्यक कानून बनाई छिटो, छरितो तथा व्यवस्थित तवरबाट सञ्चालन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

६. **नगर अनुदान तथा बाल विकास कोटाको पुनरावलोकन सम्बन्धमा।**

निर्णयः क) नगर शिक्षा समितिको मिति २०८२।०१।३० गतेको बैठकले नगरपलिका अन्तर्गत सञ्चालित विद्यालयहरुलाई २०८२ जेठ ७ गते सम्म IEMIS Update गर्न निर्देशन गरी सो पश्चात विद्यार्थी सङ्ख्याको अवस्था एकिन गरी रिक्त नगर अनुदान कोटा र बालविकास केन्द्रको पदपुर्ती तथा व्यवस्थापन गर्ने निर्णय तथा मिति २०८२।०२।०१ को प्रधानाध्यापक सहितको बैठकमा निर्देशन भएकोले २०८२।०२।०७ गते पश्चात विद्यालयहरुको स्थलगत अनुगमनबाट तथ्याङ्क संकलन गरी नगरपालिका अन्तर्गतका विद्यालयहरुमा प्रदान गरिएको नगर शिक्षण सहयोग अनुदान कोटा र विद्यालय भित्र र समुदायमा रहेका बालविकास केन्द्रहरुको कोटा पुनरावलोकन गरी प्रतिवेदन पेश गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो।

ख) नगर शिक्षा समितिको मिति २०८१।०५।०७ गतेको निर्णय अनुसार सामुदायिक विद्यालयहरुको आर्थिक गतिविधि अध्ययन गर्न गठित समिति र उक्त समितिको लागि तयार कार्यविवरण अनुमोदन गर्ने निर्णय गरियो।

७) **वडा नं. ७ र ५ को ब्लक कायम सम्बन्धमा।**

**निर्णयः** **क)** भूमि समस्या समाधान आयोग र बुद्धभूमि नगरपालिकाको समन्वयमा हुने यस नगरपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा नापनक्सा गर्ने कार्यको लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागत संकलन कार्यविधि, २०८१ को दफा १३(१) बमोजिम जग्गाको चारकिल्ला विवरण तयार गरी सिफारिस गर्नु पर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाको वडा

प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

नं. ५ को कुल ६८ र वडा नं. ७ को १३ ब्लकहरू वडा स्तरीय सहजीकरण समितिको सिफारिस समेतका आधारमा नगर स्तरीय सहजीकरण समितिबाट समेत सिफारिस भई आएको हुँदा सोही बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउनको लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति कपिलवस्तुमा पत्राचार गर्ने निर्णय गरियो।

**ख)** भूमिहिन दलित र भूमिहिन सुकुम्बासीको तीन पुस्ते विवरण नापी कार्यालय कपिलवस्तु र भूमिसुधार तथा मालपोत कार्यालय कपिलवस्तुमा पेश गर्नु पर्ने भएकोले बुद्धभूमि नगरपालिका ९ नं वडा कार्यालयबाट उक्त विवरण उपलब्ध भएको र १, २, ३, ४, ८, र १० नं. वडा कार्यालयबाट विवरण उपलब्ध हुन बाँकी रहेकोले तत् वडा कार्यालयहरुलाई यस कार्यालयमा यथाशिघ्र उक्त विवरण पेश गर्न जानकारी सहित निर्देशन दिने निर्णय गरियो।

८) **बालश्रम मुक्त वडा घोषणाका लागि तथ्यांक संकलनको रिपोर्ट (तथ्यांक) प्रस्तुत सम्बन्धमा।**

**निर्णयः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा) को च.नं. बाल.नि. २८ मिति २०८१।०८।११ गतेको पत्रानुसार चालु आर्थिक वर्षमा इच्छुक स्थानीय तहहरूले अनुदानको लागि बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न प्रस्ताव माग भएकोले बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची १ अनुसार यस नगरपालिकाको वडा नं. १,२,३,४,७ र ९ मा मिति २०८२।०२।०३ गते सम्ममा फाराम भरी प्राप्त भएको तथ्यांकलाई विश्लेषण (Data Analysis) गर्दा बालश्रम मुक्त घोषणा गर्ने अनुसूची १ बमोजिमको सम्पूर्ण सूचकहरू पुरा भएको व्यहोरा जानकारी प्राप्त भयो। साथै उक्त वडामा प्रत्येक सूचकहरू पुरा भए /नभएको एकिनको लागि वडास्तरीय समन्वय समितिको बैठक बसी सूचक पुरा भए/नभएको जानकारी नगरपालिकामा पठाए पछि मात्र थप प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

९) **पोषण सम्बन्धी आय आर्जन अनुदान वितरण सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकामा सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान शिर्षक रू. ७ लाख विनियोजन भएकोमा बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को बुदाँ नं. ८ को ३ र अनुसूची ९ बमोजिम प्राथमिकीकरण गर्दा वडा नं. ८ मा उक्त कार्यक्रम सञ्चालन गर्न नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट सिफारिस भई आएको हुँदा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

१०) **पूर्ण खोप सुनिश्चितता सम्बन्धमा।**

**निर्णयः** यस नगरपालिका भित्र सबै वडाहरूमा विगत वर्षहरूमा जस्तै यस वर्षपनि बैशाख महिना भित्र खोप लगाउनु पर्ने सम्पूर्ण बच्चाहरूले खोप प्राप्त गरेकोले यस पालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणाको लागि जिल्ला खोप समन्वय समितिमा पुर्ण खोप नगर घोषणाको लागि अनुरोध गर्ने निर्णय गरियो।

११) **विविध।**

**क) नेपाली सेना शम्शेर दल गण गोरूसिगेंको पत्र सम्बन्धमा ।**

निर्णयः नेपाली सेना शम्शेर दल गण गोरूसिगेंको च.नं. ६६६७/प्रबन्ध/१८/०८१/०८२/२१३० मिति २०८२।०२।०२ गतेको पत्रानुसार सिफारिस माग भए बमोजिम बुद्धभूमि नगरपालिका वडा नं. २ स्थित वि.स. २०३६ सालदेखि नेपाली सेनाले भोगचलन गर्दै आएको करिब ८२ विगाहा क्षेत्रफलको राष्ट्रिय वन

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

क्षेत्रमा तैनाथ रहेको र उक्त जग्गालाई नेपाली सेनाको नाममा ल्याउने प्रक्रियाको लागि सिफारिस शम्शेर दल गण गोरूसिगेंलाई प्रदान गर्ने निर्णय गरियो ।

**ख) १ नं. वडा कार्यालयको पत्र सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिका वडा नं. १ को च.नं. १६५५ मिति २०८२।०१।२१ गतेको पत्रानुसार वडा नं. १ बसन्तपुर निवासी राज कुमारी खड्काको घरमा मिति २०८२।०१।१७ गते समय बिहान अन्दाजी ११:३० बजे अचानक विद्युतको तार सट भई घरमा आगलागी हुँदा घरमा रहको लत्ता कपडा, दराज, भाडाकुडाँ, खाद्यान लगायत सम्पूर्ण सामानहरु जलेर नष्ट भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.१०,०००।- (अक्षरुपि दश हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**ग) १० नं. वडा कार्यालयको पत्र सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिका वडा नं. १० को च.नं. १७११ मिति २०८२।०१।२८ गतेको पत्रानुसार वडा नं. १० धनकौली बस्ने अब्दुल सलाम मुसलमानको छोरा अब्लुल रहमान मुसलमानको नाममा दर्ता रहेको रहमान एकीकृत कृषि तथा पशुपंक्षी फर्ममा मिति २०८२।०१।२० गते राति १०:३० बजे अचानक विद्युतको तार सट भई फर्ममा आगलागी हुँदा फर्मको सम्पूर्ण सामानहरु जलेर नष्ट भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.१०,०००।- (अक्षरुपि दश हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**घ) ६ नं. वडा कार्यालयको पत्र सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिका वडा नं. ६ को च.नं. १३४९ मिति २०८२।०१।०८ गतेको पत्रानुसार वडा नं. ६ लक्ष्मणपुर बस्ने सन्ते बनियाको छोरा अल्गु बनियाको गोठमा मिति २०८२।०१।०३ गते राति १:०० बजे अचानक आगलागी हुँदा गोठमा रहेको सम्पूर्ण सामानहरु जलेर नष्ट भएको भनी प्रहरी मुचल्का सहित आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु.५,०००।- (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**ङ) स्वास्थ्य चौकीहरूको खाता सञ्चालन सम्बन्धमा ।**

निर्णयः यस नगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरूको संचालन व्यवस्थापनको लागि बैंक खाता सञ्चालन गर्न अर्को व्यवस्था नभए सम्मको लागि स्वास्थ्य चौकी प्रमुख र सम्बन्धित वडा सचिवको संयुक्त दस्तखतबाट संचालन गर्न निर्देशन दिने निर्णय गरियो ।

**च) ७ नं. वडा कार्यालयको पत्र सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिका वडा नं. ७ मानपुर निवासी श्री अरूण प्रताप सिंह हर्निया बाट विरामी भई उपचार गराई रहेको निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । साथै निजको घरको आर्थिक अवस्था कमजोर रहेकोले आर्थिक सहयोग बापत रू. १०,०००।- (अक्षरेपी दश हजार) मात्र आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**छ) योजना/कार्यक्रमको पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धमा ।**

निर्णय: बुद्धभूमि नगरपालिकाबाट सञ्चालित योजना/कार्यक्रमहरूको म्याद २०८२ बैशाख मसान्त वा सो भन्दा अगाडी समाप्त हुने योजना/कार्यक्रमको भुक्तानीको हकमा प्रचलित कानून बमोजिम पूर्व निर्धारित क्षतिपूर्तिको प्रावधान लागू गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख